आज मिति २०७७ जेठ ३२ गते आइतबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी. ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति :</u>

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११. श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १७. मधुसुदन के.सी. | इन्जिनियर |
| १८. किरण गौतम | रोजगार संयोजक |
| १९. यज्ञबहादुर बस्नेत | स्वास्थ्य शाखा प्रमुख |
| २०. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |
| २१. हस्तराम खड्का | पशु सेवा शाखा |
| २२. नेत्रबहादुर घर्ती | कृषि विकास शाखा |
| २३ साइ खत्री | [illegible] |

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**प्रस्तावहरु**

१. नीति तथा कार्यक्रम योजना तर्जुमा गोष्ठी तथा गाउँसभा सम्बन्धमा ।
२.सामुदायिक विद्यालयहरु समायोजन एवम् एकीकरण गर्ने सम्बन्धमा ।
३. छात्राहरुका लागि सनेटरि प्याड खरिद सम्बन्धमा ।
४. ह्युम पाइप तथा तार जाली खरिद सम्बन्धमा ।
५. सडक निर्माणका कारण बिग्रेका सिंचाइ कुला मर्मत तथा पाइप वितरण सम्बन्धमा ।
६. कोरोना विशेष व्यवस्थापन सम्बन्धमा ।
७. वर्षे याममा सडक सञ्चालन सम्बन्धमा ।
८. प्रसुती भवन उदघाटन तथा सञ्चालन सम्बन्धमा ।
९. ठेक्काको सञ्चित रकम सम्बन्धमा ।
१०. बजेट सुत्रमा प्रविष्टको भत्ता सम्बन्धमा ।
११. CICTT (Case Investigation and Contact Tracing Team) गठन सम्बन्धमा ।
१२. फौजी किरा रोकथाम तथा व्यवस्थापन सम्बन्धमा ।
१३. म्याद थप सम्बन्धमा ।
१४. सडक मर्मतसम्भार समूहको पारिश्रमिक सम्बन्धमा ।
१५. सडक मर्मत सम्बन्धमा ।
१६. प्रसुती भवनको फाउन्डेसको भुक्तानी सम्बन्धमा ।
१७. कर्मचारीको जिम्मेवारी हेरफेर सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल गर्दा यस दार्मा गाउँपालिका, सल्यानको आर्थिक वर्ष २०७७।०७८ को सातौं गाउँ सभाको तयारीका लागि प्रत्येक वडाले वडा स्तरीय योजना तर्जुमा गोष्ठी मिति २०७७ असार ०६ गतेभित्र सम्पन्न गर्ने । गाउँपालिका स्तरीय नीति तथा कार्यक्रम योजना तर्जुमा गोष्ठी मिति २०७७ असार ०७ गते र गाउँ सभा मिति २०७७ असार १० गते गर्ने निर्णय गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

निर्णय नं २ : प्रस्ताव नं २ मा छलफल गर्दा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यविधि २०७७ बमोजिम यस दार्मा गाउँपालिकाका तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुलाई समायोजन एवम् एकीकरण गर्ने निर्णय गरियो :

तपसिल

| क्र. स. | विद्यालयको नाम | सञ्चालित कक्षा | समायोजन सम्बन्धी विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनसेवा प्रा.वि. खालीतारा दार्मा -२, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ३ सम्म | श्री बालज्ञानोदय आधारभूत विद्यालय काफलगैरा दार्मा -१ मा समायोजन गर्ने । | |
| २ | श्री बालकल्याण प्राथमिक विद्यालय लहरेपिपल दार्मा - ४, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ३ सम्म | श्री कालिका आधारभूत विद्यालय लाखुरीडाँडा दार्मा-४ मा समायोजन गर्ने । | |
| ३ | श्री सुर्योदय प्राथमिक विद्याय ओझाबाङ दार्मा -२, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ३ सम्म | श्री बालकल्याण माध्यमिक विद्यालय भुवनटाकुरी दार्मा -२ मा समायोजन गर्ने । | |
| ४ | श्री बालकल्याण प्राथमिक विद्यालय घुसखोला दार्मा -२, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | कक्षा ४ र ५ लाई श्री जनज्योति माध्यमिक विद्याय फारुलाचौर दार्मा-३, मा समायोजन गर्ने । | |
| ५ | श्री जनज्योति प्राथमिक विद्यालय लिरापाँजा दार्मा -२, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | श्री भविश्य निर्माता प्राथमिक विद्यालय बुर्तिबाङ दार्मा -६ मा समायोजन गर्ने । | दुबैको पायक पर्ने स्थान साङटमा स्थापना गर्ने |
| ६ | श्री कालिका प्राथमिक विद्यालय सुगाखोला दार्मा -३, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | कक्षा ४ र ५ लाई श्री लोकतान्त्रिक प्राथमिक विद्यालय मलेअम्रै दार्मा -३ मा समायोजन गर्ने । | |
| ७ | श्री कमल प्राथमिक विद्यालय कमलपोखरी दार्मा -४, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ३ सम्म | श्री कालिका आधारभूत विद्यालय लाखुरीडाँडा दार्मा -४ मा समायोजन गर्ने । | |

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री सरस्वती प्राथमिक विद्यालय भालुखोला दार्मा -५, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | कक्षा ४ र ५ लाई श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कोट दार्मा -५ मा समायोजन गर्ने । | |
| ९ | श्री सिद्धार्थ आधारभूत विद्यालय बडाचौर दार्मा -६, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ८ सम्म | कक्षा ६,७ र ८ लाई श्री सूर्योदय माध्यमिक विद्यालय गोठीवन दार्मा -६ मा समायोजन गरिएको | |
| १० | श्री दिनदीप प्राथमिक विद्यालय अंगेरनेटा दार्मा-६, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | कक्षा ४ र ५ लाई श्री सुर्योदय माध्यमिक विद्यालय गोठीवन दार्मा -६ मा समायोजन गर्ने । | |
| ११ | श्री जनजागरण प्राथमिक विद्यालय भृकुटी दार्मा-६, सल्यान | प्रारम्भिक बालशिक्षा - कक्षा ५ सम्म | कक्षा ४ र ५ लाई श्री लक्ष्मी आधारभूत विद्यालय ज्यामिरेचौर दार्मा - ६मा समायोजन गर्ने । | |

**निर्णय नं ३ :** प्रस्ताव नं ३ मा छलफल गर्दा यस दार्मा गाउँपालिकामा सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम स्वरुप प्रास भएको १६,२१,०००। अक्षेरुपी सोह्र लाख एक्काइस हजार रकमबाट सेनेटरी प्याड खरिद गर्ने । स्वास्थ्यसँग सम्बन्धित सामग्री भएकोले खरिद ऐन २०६४ बमोजिम सिधैं कोटेसन गरेर सेनेटरी प्याड खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :** प्रस्ताव नं ४ मा छलफल गर्दा यस दार्मा गाउँपालिका अन्तर्गतका सडकको अवस्था सुधार गर्न ह्युम पाइपको व्यवस्था गर्ने र त्यसका लागि कन्टेन्जेन्सीबाट रु ५०००००। अक्षेरुपी पाँच लाख मात्र बाट खरिद गर्ने ।प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ५००००० अक्षेरुपी पाँच लाख मात्र र तथा मुख्य मन्त्री रोजगार कार्यक्रमबाट हुने गरि रु. ५०००००। अक्षेरुपी पाँच लाख मात्र को तारजाली खरिद गर्ने निर्णय गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

गाउँ ... गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**निर्णय नं ५ :** प्रस्ताव नं ५ सडक निर्माणका कारण बिग्रेका सिंचाइ कुला मर्मत तथा पाइप वितरण सम्बन्धमा छलफल गर्दा यस आर्थिक वर्षमा सडक निर्माणका कारण विग्रेका सिंचाइ कुलाहरु यसै आर्थिक वर्षमा मर्मत गरि सञ्चालन गर्न गाउँपालिकाको साधनस्रोत प्रयोग र पाइप खरिद गरि सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** प्रस्तावन नं ६ कोरोना विशेष व्यवस्थापन सम्बन्धमा छलफल गर्दा नियमित रुपमा कोरोना विशेष तथ्याङ्क अद्यावधिक गरि सार्वजनिक गर्ने, कोरोना संक्रमितहरुको उपचारको प्रबन्ध मिलाउन आइसुलेसन व्यवस्थापन गर्ने, कोरोना भाइरस कोभिड १९ रोग संक्रमण तथा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार विपन्न परिवारहरुलाई राहत वितरण कार्यलाई निरन्तरता दिने, पालिकाभित्र प्रवेश गर्ने नाका कडाइ गर्ने र त्यसका लागि आवश्यक जनशक्ति परिचालन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ७ :** प्रस्ताव नं ७ वर्षे याममा सडक सञ्चालन सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिमका सडक खण्डहरु वर्षेयाममा पनि सञ्चालनका लागि आवश्यक तयारी गर्ने निर्णय गरियो :

तपसिल

१. मौलोहाले - फारुलाचौर

२. बाङगेलाखुरी - सेताढाँर - बाघखोर - फारुलाचौर

३. फारुलाचौर - सिलिङ्गी

४. सिमखोली - अरुबारे - गोठीवन - त्रिवेणी

गाउँपालिका अध्यक्ष

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

५. बाघखोर - ढाकाडामकोट - साङ्ट - फारुलाचौर - तिमिलकाँडा

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निर्णय नं ८ : प्रस्ताव नं ८ प्रसुती भवन उदघाटन तथा सञ्चालन सम्बन्धमा छलफल गर्दा यस दार्मा गाउँपालिकामा निर्मित तपसिल बमोजिमका प्रसुती सेवा भवनका आवश्यक सामग्री कोरोना कोषमा सञ्चित रकमबाट खरिद गर्ने निर्णय गरियो ।

| क स | प्रसुती भवनको नाम र ठेगाना | उदघाटन मिति |
|---|---|---|
| १ | प्रसुती सेवा भवन, दार्मा ३ सल्यान | |
| २ | प्रसुती सेवा भवन त्रिवेणी, दार्मा ५ सल्यान | |

निर्णय नं ९ : प्रस्ताव नं ९ ठेक्काको सञ्चित रकम सम्बन्धमा छलफल गर्दा यस दार्मा गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजनाहरुको पुनः ठेक्का आह्वान गर्दा घटाघटबाट बचत हुन आएको रकम कोटेसन माग गरि खर्च गर्ने । पुन : ठेक्का आह्वान गर्दा बाँकी आएको रकम निकासाका लागि सम्बन्धित निकायमा ताकेता गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क स | आयोजनाको नाम | सम्बन्धित तह | सञ्चित हुन आएको रकम |
|---|---|---|---|
| १ | रारेचौर - पेदीखोला - पुखात सडक स्तरोन्नती | कर्णाली प्रदेश | १४७१०७४।३५ |
| २ | मौलोहाल्ने - फारुलाचौर - दार्माकोट | कर्णाली प्रदेश | ८३३००००। |
| ३ | बाघखोर - ढाकाडामकोट - साङट - फारुला- तिमिलकाँडा सडक स्तरोन्नती (रि टेन्डर भएर बाँकी रहेको) | कर्णाली प्रदेश | ४०६००००। |
| ४ | सुनधारी - घरबारी - सुर्योदय मावि लिफ्ट खानेपानी | कर्णाली प्रदेश | ३७११०००। |
| ५ | मौलोहाले - फारुलाचौर - दार्माकोट - स्यालागाउँ - नुवाकोट सडक स्तरोन्नती (रि- टेन्डर भइसकेको) | संघ | २२३०५००। |

निर्णय नं १० : प्रस्ताव नं १० बजेट सुत्रमा प्रविष्टको भत्ता सम्बन्धमा छलफल गर्दा यस दार्मा गाउँपालिकाको बजेट सुत्रमा प्रविष्ट गर्ने कर्मचारीहरुलाई बजेट सुत्रमा प्रविष्ट गरेवापत प्रविष्ट गर्ने कार्यमा संलग्न २ जना कर्मचारीहरु निमित्त प्रमुख प्रशासकीय अधिकृत अमृत खड्का र लेखापाल

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

दिपक कुँवरलाई जनही डेढ महिनाको शुरुको तलव स्केल बराबरको रकम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ :** प्रस्ताव नं ११ CICTT (Case Investigation and Contact Tracing Team) गठन सम्बन्धमा छलफल गर्दा कोरोना भाइरस (COVID -19) रोग संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि तपसिल बमोजिमको CICTT (Case Investigation and Contact Tracing Team) समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

श्री यज्ञबहादुर बस्नेत - संयोजक

श्री लोकेन्द्र रावत - सदस्य (ल्याव)

श्री यज्ञबहादुर खड्का - सदस्य

**निर्णय नं १२ :** प्रस्ताव नं १३ फौजीकिरा रोकथाम तथा व्यवस्थापन सम्बन्धमा छलफल गर्दा यस वर्ष मकै बालीमा फौजी किराको संक्रमण हुन गई मकै बालीमा भएको क्षति व्यवस्थापनका लागि आवश्यक विषादी कन्टेन्जेन्सीबाट

**निर्णय नं १३ :** प्रस्ताव नं १३ म्याद थप सम्बन्धमा छलफल गर्दा बाङगेलाखुरी चिप्ले किमुटाकुरा ज्यामिरेचौर फारुला विद्युत लाइन बिस्तारका लागि आर्थिक वर्ष २०७५/०७६ मा सम्झौता भई सोही आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने तर विभिन्न कारणवस सम्पन्न हुन नसकेको र म्याद थप पनि नभएकोले चालु आर्थिक वर्षमा म्याद थप गरि उक्त योजनाको भुक्तानी दिई फरफारक समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :** प्रस्ताव नं १४ आरएमजि समूहको पारिश्रमिक सम्बन्धमा छलफल गर्दा सडक मर्मत सम्भार समुह आरएमजिको ६ महिनाको पारिश्रमिको लागि रु २२५०००। बजेट कन्टेन्जेन्सीबाट बिनियोजन गर्ने निर्णय गरियो सडक मर्मत सम्बन्धमा

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

निर्णय नं १५ : प्रस्ताव नं १५ सडक मर्मत सम्बन्धमा छलफल गर्दा ठुलागैरा कैयनापानी गलात रातामाटा सडक मर्मतको लागि मेसिन प्रयोग गर्न रु १०००००। सम्म र गलातमा ड्राइवाल लगाउन रु ६००००। कन्टेन्जेन्सीबाट खर्च गर्ने गरि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १६ : प्रस्ताव नं १६ छलफल गर्दा ढाकाडाम स्वास्थ्य चौकी दार्मा - ५ मा निर्माणाधिन प्रसुती भवनको फाउन्डेसनको लागि रु ३०००००। खर्च भइसकेको हुदा कन्टेन्जेन्जेन्सीबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १७ : प्रस्ताव नं १७ कर्मचारीहरुको जिम्मेवारी हेरफेर सम्बन्धमा छलफल गर्दा यस दार्मा गाउँपालिकाका कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिलको स्थानको कार्यालयमा खटाउने निर्णय गरियो :

<u>तपसिल</u>

| क स | कर्मचारीको नाम | पद | खटाइएको कार्यालय |
|---|---|---|---|
| १ | राजन बुढाथोकी | ना.प्रा.स. | कृषि सेवा केन्द्र भल्चौर |
| २ | डिल्लीराज मल्ल | ना. प्रा.स. | कृषि सेवा केन्द्र दार्माकोट |
| ३ | दुर्गा बोहरा | ना.प.से.प्रा. | पशु सेवा केन्द्र भल्चौर |

यसरी आजको बैठक शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको घोषणा गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष